महालेखा परीक्षकको कार्यालय

Office of the Auditor General

डोर मुकाम, बैतडी

अ.छा.वे.

फोन:०१-४२५८१७४
०१-४२६६०३४
फयाक्स:९७७-१-४२६२७९८
पो.ब.नं. : १३३२८
बबरमहल, काठमाडौं

पत्र संख्या:२०७५।७६ च.नं.३८

मितिः २०७५।०६।०८

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
शिवनाथ गाउँपालिका,
बैतडी, प्रदेश नं. ७ ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्वन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।०६।०८ मा छलफल पश्चात् तयार गरिएको पाना ३३ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(कुलचन्द्र भण्डारी)
निर्देशक

बोधार्थ तथाकार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
बैतडी :- प्रतिवेदन संलग्न छ ।

Scanned by CamScanner

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थानः शिवनाथ गाउँपालिका, वैतडी ।

आर्थिक वर्षः २०७४।७५

	नाम	कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुखः	कमल प्रसाद भट्टराई	२०७४।४।१	२०७४।७।२९	५,४७,६०,५७२।३
	भास्कर दत्त अवस्थी	२०७४।७।३०	२०७४।९।१३	
	लोगराज भट्ट	२०७४।९।१४	२०७५।३।३२	
लेखा प्रमुखः	भारप्कर दत्त अवस्थी	२०७४।४।१	२०७५।३।३२	५,४७,६०,५७२।३

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम शिवनाथ गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायताको आधारमा तयार गरिएको बजेट एबं सशर्त अनुदानबाट प्राप्त रकम समेतको आधारमा गरिएको खर्च समावेश भएको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

२०७४।०७५ को आय व्यय विवरण

	आय तर्फ			व्यय तर्फ	
सि.नं.	विवरण	रकम	सि.नं.	विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	
	क) नगद			क)वित्तीय समानीकरण अनुदान	१२३,७९५,४३१.४८
	ख) बैंक	५,७०१,१५१.५०		ख) सशर्त अनुदान	५३,८८८,९४२.८२
२	राजस्व (आन्तरिक आय)	-		ग) विषयगत	-
	क) आन्तरिक राजस्व	३७७,७०५.००		घ) गत आव को सामाजिक सुरक्षा फिर्ता	३००,८००.००
	ख) राजस्व बाँडफाँड	-			-
	ग) अन्य आय	-	२	पूँजीगत खर्च	-
३	वित्तीय हस्तान्तरण	-		स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम	८४४,४१९.००
	क)वित्तीय समानीकरण अनुदान	१४६,००९,०००.००		बहुक्षेत्रीय पोषण कार्यक्रम	१,१०९,४६०.००
	ख) सशर्त अनुदान	५७,९८२,०००.००		गरिव संग विश्वेश्वर कार्यक्रम	४२५,०००.००
	ग) समपूरक अनुदान	-		सामाजिक सुरक्षा	२६,९०३,२००.००
	घ) विशेष अनुदान			ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना	९,९२२,७६०.००
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	-		ग्रामिण सामुदायीक पुर्वाधार विकास कार्यक्रम	१,९६९,८६६.००
	क)वित्तीय समानीकरण अनुदान	-			-
	ख) सशर्त अनुदान	२४०,०००.००			
	ग) समपूरक अनुदान	-	३	धरौटी खर्च	६८,४८०.००
	घ) विशेष अनुदान	-		लगानीको साँवा फिर्ता	-

Scanned by CamScanner

५	अन्तर स्थानीय तहबाट प्राप्त	-		अन्य फिर्ता	-
६	वित्तीय व्यवस्था प्राप्ति	-		ग)धरौटि मौज्दात	४२६,०००.००
	क) ऋण प्राप्ति	-		घ) कोलेनिका फिर्ता	५,७५६,४०२.१८
	ख) साँवा प्राप्ति	-	४	लगानी	-
	ग) ब्याज प्राप्ति	-		ऋण लगानी	-
	घ) अन्य प्राप्ति	-		शेयर लगानी	-
७	विभिन्न कोषतर्फको आय	-		अन्य लगानी	-
८	जनसहभागिता (नगद)	-	५	धरौटी फिर्ता	-
	स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम	१,०६०,०००.००	६	कोष खर्च	-
	बहुक्षेत्रीय पोषण कार्यक्रम	१,११२,०००.००	७	मौज्दात	-
	गरिव संग विश्वेश्वर कार्यक्रम	४२९,०००.००		क) नगद मौज्दात	-
	सामाजिक सुरक्षा	२८,८७७,०००.००		ख) वैंक मौज्दात मुल संचित कोष	३२,५३८,१९६.४१
	ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना	१२,२५०,०००.००			
	ग्रामिण सामुदायीक पुर्वाधार विकास कार्यक्रम	२,४००,०००.००			
१०	गत बर्षको धरौटी मौज्दात	६८,४८०.००			
	यस बर्षको धरौटी मौज्दात	४२६,०००.००			
११	लगानीको साँवा फिर्ता	-			
१२	अन्य विविध आय	१,०१६,६२१.३९			
	जम्मा	२५७,९४८,९५७.८९		जम्मा	२५७,९४८,९५७.८९

Scanned by CamScanner

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.	फछर्यौटको विवरण
	उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन तथा महालेखा परीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७५, समष्टिगत र इकाईगत स्वीकृत लेखापरीक्षण योजना वमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर गाउँपालिकाका सम्वन्धित पदाधिकारीहरुसँग मिति २०७५।६।८ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् :		
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले शिवनाथ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवाप्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ६ वडा रहेको ३४ सभा सदस्य, ८१.६५ व.की.मी.क्षेत्रफल, १७७१५ जनसंख्या, ७ नं. प्रदेशमा अवस्थित छ ।		
	असुली : लेखापरीक्षणको क्रममा विभिन्न भत्ता लगायतमा वढी भुक्तानी भएको रु ५२,८००.०० असुल भई वैंक दाखिला भएको छ ।		
१.	**संचित कोष सम्बन्धमा थप व्यहोरा देहाय वमोजिम रहेका छन् :** क) गत वर्ष सम्म वडाहरुमा वाँकी रहेका रकम यो वर्ष रु.७,२०,८२१।३९ आम्दानी देखाएको छ । तर विगतमा कति रकम वडाहरुमा खर्च नभई वाँकी रहेको थियो भन्ने विवरण प्राप्त भएन । तसर्थ आ.व. २०७३।०७४ को अन्त सम्म वडाहरुमा के कति वाँकी रहेको थियो सो सम्वन्धमा गत वर्षको प्रतिवेदनमा पनि उल्लेख नभएकोले वाँकी रहेको भए यकिन गरी गाउँपालिकाको सञ्चित कोष खातामा जम्मा गर्नु पर्ने देखिन्छ । ख) भौ.नं. ४६- ७५।३।२४ : व.उ.सि.नं. ३५५८४७३ वहुक्षेत्रिय पोषण शीर्षकमा खर्च गरी चालु खर्च खातामा भौ.नं ४४-२०७५।३।२४ वाट पहिलो निकासा गरेता पनि पुनः यस भौचरवाट समेत निकासा दिएकोले रु ३३५०००।- दोहोरो निकासा भएको मनाशिव दखिएन । ग) भौ.न ५०-२०७५।३।२८ : वर्षको अन्तमा खर्च नियन्त्रण गर्न अषाढ २५ गते पछाडी खाता संचालन गर्न नहुने परिपत्र महालेखा नियन्त्रण कार्यालयवाट भएको देखिन्छ । यस गाउँपालिका कार्यालयले रु.३०,००,०००।- संचित कोष वाट चालु खर्च खातामा ट्रान्सफर गरेको रकम संचितकोष बाट मिति २०७५।४।१३ माट्रान्सफर भएको देखिन्छ । यस प्रकार पछिल्लो मिति राखि अर्को आर्थिक वर्षमा २०७५।०७६ मा कारोवार गरेकोले वित्तीय जोखिम वढाएको अवस्था छ । यस्तो अवस्था अविलम्व सुधार गर्नुपर्दछ । घ) संचित कोषमा दाखिला गर्नुपर्ने : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २६ मा स्थानीय तहलाई प्राप्त हुने सवै आय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । दफा २७ मा स्थानीय तहले संचितकोष माथी व्ययभार हुने रकम वाहेकका रकम आफ्नो वजेटमा व्यवस्था गरी स्थानीय व्यवस्था वाट स्वीकृत भएपछि माग खर्च गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्षमा निम्नानुसारका शीर्षकमा स्थानीय बजेट विनियोजन वेगर खर्च गरेको छ । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।		

Scanned by CamScanner

बजेट उप शीर्षक नं.	नाम	खर्च रु.
	सामाजिक सुरक्षा	२६९०३२००.००
३६५८०७४	ग्रामिण सुमुदायिक पूर्वाधार कार्यक्रम पूंजिगत (RCIW)	१९६९८६६.००
३६५८४७३	बहुक्षेत्रिय पोषण कार्यक्रम	११०९४६०.००
	ग्रामिण जलस्रोत परियोजना (RVWRMP) चालू	२८७२७६०.००
	ग्रामिण जलस्रोत परियोजना (RVWRMP) पूंजिगत	७०५०००.००
३६५८४५३	गरिव संग विशेश्वर	४२५०००.००
३६५८१९३	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालू (LGCDP)	३४४६८९.००
३६५८१९४	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत (LGCDP)	४९९७३०.००
	जम्मा	४११७४७०५.००

२. **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई र प्रमुख प्रशासकिय अधिकृतले वडा सचिवलाई अख्तियारी दिएको छैन ।

३. **वजेट पेश गर्ने तथा पारित गर्ने :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । यो गाउँपालिकामा कार्यपालिकावाट मिति २०७४।४।२४ गते विनियोजन विधेयक तयार गरेकोमा गाउँसभावाट आ.व २०७४।७५ को वजेट मिति २०७४।५।१९ गते मात्र पारित भएको छ । जसले गर्दा उल्लेखित व्यवस्था कार्यान्वयनमा आएको देखिएन ।

४. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापुर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने, आन्तरिक नियन्त्रणप्रणाली तयार गर्दा कामको प्रकृति अनुरुपको जोखीम क्षेत्रको पहिचान नियन्त्रणको वातावरण,सुचनाको आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेट्नुपर्ने र त्यस्तो प्रणालीको अनुगमन गाउँपालिका प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । कार्यालयले भ्रमण अभिलेख र प्रतिवेदन वेगर भ्रमण खर्च गरेको नापी कितावमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको यकिनगरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, आवश्यकता अनुसार भन्दा बढि भाडामा घरहरु लिई जनप्रतिनिधि तथा कर्मचारी आवासको रुपमा कार्यालयको भवनहरु प्रयोग भैरहेकोले थप व्ययभार परेको, विद्युतिय हाजिरीको प्रयोग नगरेको, लगायत विभिन्न कमजोरी रहेको देखिन्छ । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र

Scanned by CamScanner

	विकास गरी कार्यसञ्चालनमा देखिने जोखीम पक्षलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।		
५.	**लेखा प्रणाली :** अर्थ मन्त्रालयको च.न. २९३ मिति २०७४।०९।०२ को प्रदेश तथा स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रमा आ.व. २०७४।०७५ को विनियोजन ऐन कार्यान्वयनमा सहजिकरण गर्नका लागी जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुदा न.५१० अनुसारको प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub- National Treasury Regulatory Application - SUTRA) को विकास गरेकोले सबै स्थानीय तहले सो प्रणालीको अवलम्बन गरी खर्चमा मितव्ययिता कायम गर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगवाट सरकार वा विभिन्न तहहरु बिच हुने स्रोत बाँडफाँड तथा संघीय सरकार बाट गर्नुपर्ने एकिकृत वित्तीय प्रशासन संचालनको लागी आवश्यक सुचना आधार स्थापना गरेकोले सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो संचितकोष संचालनका सन्दर्भमा गर्नुपर्ने बजेट निर्माण, लेखापालन र प्रतिवेदनका प्रणालीको प्रयोग गर्न नेपाल सरकारको मिति २०७४।०८।०३ को निर्णय अनुसार निर्देशन दिएकोमा यस गाउँपालिकाले उक्त प्रणालीको प्रयोग नगरी लेखापालन र प्रतिवेदन तयार गरेको, नेपाल सरकारको निर्णय कार्यान्वयन नभएको अवस्था छ । तसर्थ पालिकाले उपलब्ध जनशक्ति, स्रोत साधनको भरपुर प्रयोग गरी उक्त प्रणालीको अवलम्वन गर्नुपर्दछ ।		
६.	**श्रोतअनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन अनुसार गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा १० शीर्षक अन्तर्गतका विभिन्न विषयमा राजस्व दर निर्धारण गरेतापनि आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन अनुसार गर्नुपर्ने कार्य गरेको देखिएन ।		
७.	**वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रमको प्राथमिकिकरण नगरेको, विषयक्षेत्रगत कार्यक्रम पनि पुँजीगत शीर्षकमा राखेको अवस्था छ ।		
८.	**स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखन र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीती, कानून र सोको मापदण्ड वनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमाभुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ शिवनाथ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।		
९.	**लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम वमोजिम अनुसूची-२ वमोजिमको ढाँचामा प्रगती विवरण दिएको छैन । लक्ष्य अनुसार प्रगति विवरण तयार गर्नु पर्ने देखिन्छ ।		

Scanned by CamScanner

१०. **बैंक हिसाब :** कार्यालयको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खाता र बैंकको बांकी रकम विच फरक परेमा मासिक रुपमानै बैंक हिसाव मिलान विवरण तयार गर्नु पर्दछ । तर यस गाउँपालिकाले निम्नानुसार बैंक विवरण र खाता विच रु.९९,२२,६०१.८७ फरक परेकोमा पनि हिसाव मिलान विवरण तयार गरेको छैन । कार्यालयले हिसाव फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान गर्नुपर्दछ ।

खाताको नाम	बैंक नगदी खाता अनुसार बाँकी रु	बैंक विवरण अनुसार बाँकी रु	खाता भन्दा बैंक घटी बढी
संचित कोष खाता	३,२५,३८,१९६.४१	२५४,९९९१७.०८	७०,३८,२७९.३३
चालु खर्च खाता	०	२२,२९,३६८.६९	२२,२९,३६८.६९
पुजिगतखर्च खाता	०	१,४७,३१,५१२.५१	१,४७,३१,५१२.५१
जम्मा	३,२५,३८,१९६.४१	४,२४,६०,७९८.२८	९९,२२,६०१.८७

११. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम२३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ वमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार गाउँपालिका पुँजिगत तर्फ प्रथम चौमासिकमा ०.१८ प्रतिशत, दोश्रो चौमासिकमा २.६ प्रतिशत र तेश्रो चौमासिकमा ९७.२२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ६९.१४ प्रतिशत खर्च गरेकोले आसारको खर्च अस्वाभाविक समेत देखिन्छ । अन्य चालु तथा पुजिगत कार्यक्रम संचालन तर्फका क्रियाकलापमा समेत २२ खेदि शत प्रतिशत खर्च खेदिएकोले समान प्रकृतिको कार्य संचालन भै रहँदा असमान प्रकृतिको खर्च हुनु स्वाभाविक देखिँदैन । कार्य योजना तयार गरी खर्च हुनुपर्ने देखिन्छ ।

कार्यक्रमको नाम	कुल खर्च	प्रथम चौमासिकको खर्च	दोस्रो चौमासिकको खर्च	तेस्रो चौमासिकको खर्च	असार महिनाको खर्च	कुल खर्चमा असारको खर्च प्रतिशत
चालु खर्च	२२५३१९२७.९९	३०६२८२४.२	२३५०१७६.९	१७११७९२७	९९५३१८५	४४.१७
पुजिगत खर्च	१०१२६३५०३.५	१८७७००	२६२९७००	९८४४६१०३	७००१८९८८	६९.१४
मा.वि. शिक्षक तलव	५५११५७८.२	२०५३०८२		३४५८४९६	१८०८६२२	३२.८१
प्रा.वि. शिक्षक तलव	२७५७६३२३.७७	१००५१६००		१७५२४७२४	९२७५४३६	३३.६३
विद्यालय क्षेत्र सुधार कार्यक्रम	१०५०९०१२.८५	१४९२५००		९०१६५१३	४५१५०२७	४२.९६
प्राथमिक स्वास्थ्य चौकी उप स्वास्थ्य चौकी	५७३१४०८	१७६५०१२.९	२५३७८५०.५	१४२८५९०	१२८१८५४	२२.३६
एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम	३६३५२००	८७०५००	२१४५००	२५५०२००	१४५५२००	४०.०३
क्षयरोग नियन्त्रण कार्यक्रम	५३०००			४७०००	४७०००	८८.६७
ग्रामिण सामुदायिक पुर्वाधार कार्यक्रम	१९६९८६६			१९६९८६६	११५५४९६	५८.६६
वहुक्षेत्रिय पोषण कार्यक्रम	११०९४६०			२९१४६०	२९१४६०	२६.२७
ग्रामिण जलस्रोत परियोजना चालु	२८७२७६०	३९३०००		१०००१००	१०००१००	३४.८१
ग्रामिण जलस्रोत परियोजना पुजिगत	७०५००००		५४५५०००	१५९५०००	१५९५०००	२२.६२
गरिवसँग विशेश्वर कार्यक्रम	४२५०००		१०४०००	२२१०००	२२१०००	५२.००
स्थानीय शासन तथा सामुदायिक विकास	३४४६८९		८०६८९	१२९०००	१२९०००	३७.४३

Scanned by CamScanner

	स्थानीय शासन तथा सामुदायिक विकास	४९९७३०			४९९७३०	४९९७३०	१००.००		
१२.	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन,२०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३७ रहेपनि पदपूर्ति १० रहेको देखियो । २७ पद रिक्त रहेका छन । ति मध्ये २ जना करारमा राखि कार्य संचालन गरिएको छ । आवश्यक पद समयमा पुर्ति गर्नुपर्ने र अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।							
१३.	**सशर्त अनुदान :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस गाउँपालिकाले आ.व २०७४।७५ भित्र दाखिला गर्नुपर्ने अन्य शीर्षकगत निकासा चालु तर्फ रु.९३२९४१।-, पूजिगत तर्फ रु.७,३०,४०४।- र सशर्त चालू तर्फका रु.४०,९३,०५७।१८ समेत रु.५७,५६,४०२।१८ खर्च नभई बाँकी रहेको रकम मिति २०७५।४।२५ मा मात्र वेरुजु खातामा जम्मा भएको छ ।							
१४.	**राजस्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।							
१५.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्वन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।							
१६.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्वन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा वेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा वेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको वेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।							
१७.	**सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्ष							

Scanned by CamScanner

	२०७३।७४ को अन्त्यमा वाँकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।		
१८.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । सो कार्य गर्न रु.२७४०००।- पेश्की खर्च लेखेतापनि हाल सम्म सो कार्य सम्पन्न भएको पाईएन ।		
१९.	**पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्षको म्याद नाघेको रु.२६,९८,३०९/ नियमानुसार फछ्र्यौट गर्नु पर्दछ । गाउँपालिकाले चालु तर्फको विविध शीर्षकवाट नेपाल पत्रकार महासंघ बैतडी लाइ रु.१३५,०००/, पुँजिगत तर्फबाट सुल्लेखान शर्माली नागार्जुन सडक उपभोक्ता समितिलाइ रु.१६,७५,९६८/, र अप्सन फोर रिसर्च डेभेलोपमेन्ट एण्ड सस्टेनेविलिटि प्रा.लि. लाइ रु २,७४,०००/ समेत गरी जम्मा रु.२०,८४,९६८/ वर्षको अन्त सम्म पनि पेश्की फछ्र्यौट नभई वाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.	२०,८४,९६८.०	
२०.	**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । यस गाउँपालिका कार्यालयवाट ३६८ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि १७ निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु.१,४५,४६,९८३।५० को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।		
२१.	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तंरण नहुने तथा खर्च सार्वजनिक गर्नेजस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । उपरोक्त प्रावधान पालना हुनुपर्दछ ।		
२२.	**कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधी उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । जस अनुसार १० प्रतिशत कमचारीको पारिश्रमिक बाट कट्टी गरी सो बराबरको रकम कार्यालयले जम्मा गरी सोही कोष बाट अवकाश उपदानको रकम भुक्तानी गर्ने व्यवस्था भएकोमा कार्यालयले सो अनुरुप गरेको छैन । दिर्घकालीन दायित्व कम गर्न यस्तो प्रकारको कोष स्थापना हुनु पर्दछ ।		
२३.	**२३६ ०७५।०७६ लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पुँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा		

Scanned by CamScanner

	मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा वडा नं ४ अन्तर्गत तिज विषेश कार्यक्रममा केरमेट गरेको बिल राखि साडी ५, ब्लाउज ५, रुमाल १, माला ५, पोते ठुलो १० तथा खाना खर्च समेतको बिल संलग्न गरि रु.५०,००० पालिकाले कार्यक्रममा खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ।		
२४.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। शिवनाथ गाउँपालिकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको छैन। सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन्। यसरी वातावरण सुधार अन्तर्गत पूर्ण सरसफाई कार्यक्रम ३ वटा वडामा रु.२ लाख बजेट व्यवस्था भएकोमा रु.२ लाख नै खर्च गरी शत प्रतिशत प्रगति गरेको छ। सोलार वत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन। ग्रामिण अवस्था अनुसारको वातावरणीय कार्यक्रम सञ्चालन हुनु पर्दछ।		
२५.	**सामाजिक सुरक्षा** :संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघीय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागी सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। यस गाउँपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत शुरुमा पहिलो र दोस्रो किस्ताको रु.६४,४०,०००।- निकासा भएकोमा पछि पहिलो पटक निकासा भएको रकममा छुट समेत गरी रु.२,२४,३७,०००।- समेत कुल रु.२८८,७७,०००।-निकासा भएकोमा यस गाउँपालिकाले रु.१९,७३,८००।- निकासा फिर्ता मात्र निकासा जनाएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा उक्त निकासा फिर्ता नभई गाउँपालिकाको कोष खातामा मौज्दात रहेको देखियो। सो रकम सञ्चित कोष दाखिला हुनुपर्ने रु.	१९,७३,८००.०	
२६.	सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०७२ (संशोधन सहित) को बुँदा ९ मा अनुसूचि ५ वमोजिम भत्ता पाउनेहरुको फोटो सहितको मूल अभिलेख अधावधिक गरी राख्ने व्यवस्था भएकोमा त्यस्तो अभिलेख गाउँपालिकाले तयार गरेको पाइएन। बुँदा ११ मा विभिन्न अवस्था सिर्जना भई लगत कट्टा गर्नुपर्ने भएमा कट्टा गरिएको व्यहोरा अभिलेखमा जनाई जिम्मेवार व्यक्तिले प्रमाणित गर्नुपर्ने व्यवस्था पनि फोटो सहितको मूल अभिलेख नभएको कारण लागू भएको छैन। त्यस्तै सोही कार्यविधिको बुँदा १५ (ङ) मा प्रत्येक गाउँपालिकामा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति गाउँपालिकाको कार्यालयमा र एक प्रति लेखापरीक्षणको लागी भर्पाई सँगै राख्नुपर्ने व्यवस्था भएपतापनि त्यस्तो व्यवस्थाको पनि परिपालना गरेको पाइएन। त्यस्तै सोही कार्यविधिको वुँदा २२ मा गाउँपालिकाभित्र बैंक मार्फत भुक्तानी दिन सकिने व्यवस्था भएतापनि कार्यालयले नगदै वितरण गर्ने गरेको पाइयो। त्यस्तै कार्यविधिको बुँदा २९ ले गरेको व्यवस्था बमोजिम लाभग्राहीहरुको नामावली कार्यालयमा सार्वजनिक गर्ने कार्य पनि गरेको पाइएन। त्यस्तै कार्यालयले कार्यविधिको अनुसूचि ७ बमोजिमको ढाँचामा लाभग्राहीहरुको एकिकृत संख्यात्मक विवरण पनि तयार गरेको पाइएन। MIS System मा तथ्याकं प्रविष्टि गरेको भनी कार्यालयले जनाएको भएतापनि त्यस्तो		

Scanned by CamScanner

	तथ्यांक लेखापरीक्षणको लागी उपलब्ध भएन । तसर्थ कार्यालयले वितरण गरेको सामाजिक सुरक्षा भत्ता वापत वितरण गरेको रकम सहि र यथार्थ थियो भनी भिडान गर्न सकिएन । कार्यविधि तथा निर्देशिकाले गरेको सबै व्यवस्थाको परिपालना हुनुपर्दछ ।		
२७.	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ ।गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत नराखेकोले लगत तयार गरी सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । गाउँपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।		
२८.	**पूँजीगतबाट चालु प्रकृतिका कार्यक्रममा विनियोजन र खर्च :** एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । गाउँपालिकाको कार्यालयले यो वर्ष सभावाट पारित गरी रु.३ करोड ४४ लाख चालु खर्च र पुजिगत वजेटमा रु.११ करोड १६ लाख ९ हजार समावेश गरेकोमा पुजिगत खर्च शीर्षकवाट वजेट विनियोजन गर्दा ९२ वटा वितरण एवम सचेतनामुखि क्रियाकलाप राखी रु.१ करोड ७ लाख ७५ हजार विनियोजन गरिएको छ । यसरी गरिवी निवारण गर्ने, उत्पादन वृद्धि गर्ने, रोजगारी र आय आर्जन गर्ने क्रियाकलापमा प्राथमिकिकरण गरी खर्च गर्नु पर्नेमा वितरणमुखि क्रियाकलापमा विनियोजन गरेको मनाशिव देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शीर्षकका समावेश गरी वजेट खर्च लेख्नु पर्दछ ।		
२९.	**आन्तरिक आय :** आन्तरिक आय सम्बन्धमा देहायका व्यहोरा रहेका छन् ।		
	क) यो वर्ष कुनै पनि शीर्षकमा आन्तरिक आय ठेक्कामा भएको छैन । **ख)** आम्दानीको रसिद नियन्त्रण गर्न रसिद नियन्त्रण खाता रहेको छ । गाउँपालिका र अन्तर्गतका कार्यालयले यो वर्ष विभिन्न किसिमका शीर्षकमा रु.३,७७,७०५/ आम्दानी गरेको छ । आम्दानी रसिद अनुसार र.नं १०१ खेदि १५० सम्म, २०१ खेदि ३०० सम्म १२५१ खेदि १२९१ सम्म, १३०१ खेदि १३२९ सम्म, १४७४ खेदि १५०० सम्म, १६२४ खेदि १६४२ सम्म मात्रबाट रसिद अर्धकट्टी रहेकोले कति नं खेदि छपाइ गरिएको हो, आम्दानी कति हुनुपर्ने हो यकिन गर्न सकिएन । आम्दानीतर रसिद नियन्त्रण खाता नराखेको कारण के कति कुन कुन रसिदबाट आम्दानी हुनु पर्ने हो सो यकिन गर्न सकिएन । रसिद छपाइको निर्णय स्वीकृत गराई लगत राखी रसिद छपाइ नगर्ने र प्राप्त रसिद जिम्मेबार व्यक्तिलाइ बुझाइ खर्च नजनाउने व्यक्तिलाइ आवश्यक कारवाही गरी आम्दानी सम्बन्धमा छानविन हुनु पर्दछ । **ग) आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । सो अनुसार यो वर्ष रु.११,०१,६५० आन्तरिक आय असुल गर्नु पर्नेमा रु.३,७७,७०५ असुल गरेकोले घटी असुल हुनुको कारण पत्ता लगाइ लक्ष्य अनुसार राजस्व असुल हुनु पर्दछ ।		
३०.	**तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले गाउँपालिका तर्फका कर्मचारीको तलब भत्ता रु.७६,५८,५१९।१९, स्वास्थ्य तर्फका कर्मचारीको तलव भत्ता रु.५३,०४,९०८।- र शिक्षा तर्फका कर्मचारीको रु.३,३०,८७,८९४।९७ गरी रु. ४,६०,५१,३२२।१६ खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।		
३१.	**सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो		

Scanned by CamScanner

र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७५।४।१३ मा सार्वजनिक सुनुवाई गरेको छ ।

३२. **वीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिमार्फत गराएको दश लाख भन्दा वढी रकमको कुनै पनि कार्यको यो वर्ष वीमा गरेको पाइएन ।

३३. **न्यायिक समिति :** यो वर्ष १३ वटा उजुरी दर्ता भएकोमा ७ वटा समिति मार्फत फछ्र्यौट भएको र अन्य मेलमिलाप मार्फत फछ्र्यौटगर्न प्रोत्साहन गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

३४. प्रदेश नं. ७ मा जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसुची २ वमोजिम पद तथा गोपनियता को सपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसुची १ वमोजिम रकम नवढने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउने उल्लेख छ । यस गाउँपालिकाको यो वर्षको आन्तरिक आम्दानी रु.३७७,७०५/ मात्र रहेको अवस्थामा संघीय संचितकोषवाट समानिकरण अनुदान प्राप्त रकमवाट वजेट विनियोजन गरी प्रदेश नं. ७ को सभावाट निर्धारित पारिश्रमिक खर्चमा घटी पारिश्रमिक निर्धारण गर्न सकिने अवस्थाको विपरित चाडपर्व सुविधा वापत थप एक महिनाको पारिश्रमिक तथा सुविधा देहाय अनुसारको लिएको कारण स्थानीय कोषमा प्रत्यक्ष असर परेको छ । तसर्थ यस्तो सुविधा असुल हुनुपर्ने रु. ३,२३,०००.०

पद	संख्या	दर	महिना	भुक्तानी पाएको रु	पाउनु पर्ने रु	वढी भुक्तानी
अध्यक्ष	१	३००००	१३	३९००००	३६००००	३००००
उपाध्यक्ष	१	२५०००	१३	३२५०००	३०००००	२५०००
वडाअध्यक्ष	६	२००००	१३	१५६००००	१४४००००	१२००००
कार्यपालिकाको सदस्य	६	८०००	१३	६२४०००	५७६०००	४८०००
सभाको सदस्य	२०	५०००	१३	१३०००००	१२०००००	१०००००
जम्मा	३४			४१,९९,०००	३८७६०००	३२३०००

३५. **ब.उ.शि.न ३५००११३ :** शिक्षा मन्त्रालयले गैर सरकारी सामाजिक क्षेत्रका संस्था धार्मिक संघ संस्थालाई दिईने अनुदान अन्तर्गत शर्माली सामुदायिक अध्ययन केन्द्रले शर्माली १, वैतडीले ई. क्लास संचालन गर्न आवश्यक उपकरणको लागी सहयोग गर्न भनि प्रस्ताव पेश गरेको छ । सो अनुसार सोलार सिस्मट, प्रोजेक्टर, ल्यापटप लगायतमा रु.३,५७,०००। को प्रस्ताव पेश गरेको देखिन्छ । गाउँपालिकाले मिति नखुलाई २०७४।११।२९ देखि २०७४।१२।३० सम्म सम्पन्न गर्ने गरी रु.१,९२,०००। लागत व्यहोर्ने र उपभोक्ता समितिवाट रु.१८,०००। व्यहोर्ने गरी जम्मा रु.२,१०,०००। को लागतको सम्झौता गरेको देखिन्छ । सार्वजनिक सेवाको पदमा वहाल रही कार्यान्वयन गराउने व्यक्तिले आफै कार्यकारी समितिमा रहेको संस्था सँग आर्थिक कारोवार गर्न मिल्दैन । शर्माली सामुदायिक अध्ययन केन्द्र शर्माली १, वैतडीको कार्यकारी समितिमा यस गाउँपालिकाका अध्यक्ष कर्ण सिंह साउद मिल्ने नाम रहेको देखिन्छ । सो व्यक्ति एउटै हो होइन ? सो व्यक्ति एउटै भएकोमा त्यस्तो समितिलाई गाउँपालिकाले सम्झौता अनुसार रु.१,९२,०००। भुक्तानी दिनुपर्नेमा रु.२,००,०००। भुक्तानी दिएकोले रु.८,०००। वढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने देखिन्छ । नाम मिलेमा स्पष्ट रुपमा स्वार्थ वाझिएको (conflict of interest) रहेको देखिन्छ । रु.८,००० वढी भुक्तानी समेतको आधार पेश नभएमा असुल हुनु पर्ने रु. २,००,०००.०

Scanned by CamScanner

३६. **योजना संचालन : यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन :**

क) रकमान्तर गर्न सभावाट पारित भएका स्थानीय सरकार संचालन ऐन २०७४ मा रहेको छ, गाउँ सभावाट पारित भएका योजना मध्ये १७ वटा योजनाहरु अन्तर्गतका २७ कार्यमा कतिपय मर्ज गरिएको र कतिपय योजनाहरु छुट्याएको अवस्था छ । जसअनुसार २३ योजना तयार गरिएको छ । वडा नं. ४ मा विभिन्न सडक निर्माण अन्तर्गत शीर्षकबाट छेलाखकलाई देहीगडा वगर सडक र छेलाखाली लिखाडी सडक निर्माणमा रु.७ लाख दरले रकम विनियोजन भएको अवस्थामा साविक जिल्ला विकास समितिबाट औपचारीक रुपमा हस्तान्तरण नभएको अवस्थामा समेत रकम विनियोजन र खर्च गरेको मनासिव देखिएन ।

ख) यसरी योजनामा कार्यपालिकाले परिवर्तन गरेको विवरण देहाय बमोजिम रहेका छन ।

गाउ सभाबाट पारीत भएको		गाउँपालिकाले परिवर्तन गरेको योजना	
योजनाको नाम	रकम	योजनाको नाम	रकम
छेला टोटी खोली देहीगडा सडक	१५०००००	क) छेला टोली खाली लिखाडी सडक ख) छेला खकलाई देहीगडावगार सडक	७५०००० ७५००००

ग) गाउँसभावाट पारित गरेका योजना गाउँपालिकाले छुट्याई खर्च गरेको उदाहरण देहाय अनुसार रहेको छ ।

गाउँ सभाबाट पारीत भएको		गाउँपालिकाले परिवर्तन गरेको योजना	
योजनाको नाम	रकम	योजनाको नाम	रकम
डोसेरा माथिल्लो तला खानेपानी मर्मत	४०००००	क) माथिल्लो डोसेरा खा.पा. ख) तल्लो डोरेसा पहलवाट संचालित मलशैनी मुस योजना	२००००० २०००००
कोलिकनला खानेपानी योजना वडा नं.१	३०००००	क) वोदेवाग खा.पा. वडा नं. १ ख) कोलिकनला खानेपानी वडा नं. १	१००००० २०००००

घ) गाउँसभाले पारित गरेका योजना मध्ये कार्यपालिकाले उदेश्य फरक पारी विनियोजन गरेको उदाहरण निम्न अनुसार रहेको छ ।

गाउँसभाबाट पारीत भएको		गाउँपालिकाले परिवर्तन नगरेको योजना	
योजनाको नाम	रकम	योजनाको नाम	रकम
शिशु विकास केन्द्र व्यवस्थापन खडिक शिवनाथ	१०००००	पिपलखेत वारी मर्मत तर्फ	१०००००
मणिलेक क्याम्पस भवन निर्माण	२०००००	मणिलेक क्याम्पस फर्निचर निर्माण	२०००००

३७. **मध्यकालीन खर्च संरचना :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार

Scanned by CamScanner

	गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको आ.व. २०७४।०७५ को खर्चको विवरण तयार गर्दा उपयुक्त वमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको छैन । अतः दफा १७ को उपदफा २ वमोजिम सातवटा विषय समावेश गरी मध्यकालीन खर्च संरचना तयार गरी प्राथमिकता र आवश्यकता निर्धारण हुनुपर्दछ ।		
३८.	**विपद व्यवस्थापन :** यो वर्ष विपत व्यवस्थापन कोष स्थापना गर्न रु १५ लाख छुट्याईएको छ । पाटन पञ्चेश्वर सडक खण्डमा डिभिजन सडक कार्यालयवाट ३ अलग प्याकेज तयार गरी २०७२।७३ देखि नै ट्रयाक निर्माणएंव ड्रेन वनाउनेसवग्रेड, सव वेस, वेस एंव सडक कालोपत्रे गर्ने कामको ठेक्का र निर्माण कार्य निरन्तर भै रहेको अवस्था छ । यस्तो अवस्थामा सडक मर्मत गर्ने कार्य जिम्मेवारी समेत डिभिजन सडक सम्वन्धित निर्माण व्यवसायीको हुन्छ। यस्तो अवस्थाले गाउँपालिकाले यस्ता सडक कार्य क्षेत्र वाहिर गएर लगानी एवं खर्च गर्न मिल्दैन तर सोही क्षेत्रको शिवनाथ गाउँपालिका अन्तर्गत वडा नं. ५ र ६ मर्छले देखि सुल्लेखान सम्मको सडक मिति २०७४।५।६ देखि २०७५।५।२९ सम्म मर्मत गरेको भनि रु.१,८७,०००। खर्च लेखिएको छ । उक्त निर्माण कार्यको लागत अनुमान रु ४,६८,०००। रहेको र गाउँपालिकाले रु.१,८७,७००। व्यहोर्ने उल्लेख भएकाले वाकी रु.२,८०,३००। अर्थात ५९।८९ प्रतिशत उपभोक्ताले व्यहोर्नु पर्ने देखिन्छ । स्वीकृत लागत अनुमान ३ वटा चेनेजमा स्व.चेनेज नखुलाई १५८.२० घ.मि को प्रति घ.मि. १२९०। ५० ढुङ्गा विछ्याउने कार्यको रु १,९८,९९५।१० र सडक मर्मत का लागी ७ वटा चेनेजमा ३६१.९५ घ.मि ढुङ्गा विछ्याउन प्रति घ.मि १२९०.५० दरले रु ४,६७,६९६।४७ समेत संलग्न कागजात साथ रहेको छ । यस प्रकार सम्झौता कुल लागत र उपभोक्ताको योगदान स्पष्ट गरेको समेत देखिदैन । अर्कोतर्फ नापी कितावमा जम्मा १५४.२० घ.मि. ढुङ्गा विछ्याइएको भनि रु १,९८,९९५।१० को कार्य सम्पन्न देखाएको छ । उपभोक्ता समिततिले खर्चको फाँटवारी सार्वजनिकिरण नगरेको, अवस्थामा मिति २०७४।०८।१५ मा गरिएको मर्छले सुल्लेखान सडक मर्मत को रु.१,८७,०००। उपभोक्ता समितिको तत्काल वैंक खाता खोली वैकमा रकम जम्मा गर्ने निर्वाचनको कामले नभ्याउने हुँदा पछि अनुमोदन हुने गरी उपभोक्ता समितिका अध्यक्ष अर्जुन वहादुर चन्दका नाममा चेक जारी गरी गाउँपालिका उपाध्यक्ष कुश्मा चन्द हस्ते चेक वुझाएको प्रकृया अनुमोदन भएको छ । यसरी वियरर चेक मार्फत भुक्तानीगरिएको छ । यसरी उपभोक्ता समितिको खातामा जम्मा हुनुपर्ने रकम उपाध्यक्ष ज्युले आफै वुझेको र कार्यक्षेत्र वाहिर गई निर्माण कार्य गरेको रु.१,८७,७००। सम्वन्धित वाट असुल हुनुपर्ने रु.	१,८७,७००.०	
३९.	**जिन्सी व्यवस्थापन :** यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् : **क)** आर्थिक कार्यविधि नियमावली २०६४ को नियममा लेखा श्रेस्ता म.ले.प. ले तोकेको ढाचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेको खप्ने जिन्सी समाजको खाता म.ले.प.फा.नं. ४७ मा दाखिला एंव निकासी नम्वर, समानको स्पेसीफिकेसन उत्पादन गर्ने देश वा कम्पनीको नाम, साईज, अनुमानित आयु समान प्राप्त भएको स्रोत एवं उपलव्ध भएको जिन्सी खातामा सो वमोजिम नखुलाई जिन्सी खाता राख्ने गरेकोले सम्वन्धित व्यक्तिलाई सचेत गराई खाता अध्यावधिक गर्नुपर्ने देखिएको छ । **ख)** साविक शर्माली गाउँ विकास समिति र उदयदेव गाउ विकास समित मा रहेको चलअचल सम्पत्ति यस गाउँपालिकामा अध्यावधिक विवरण सहित हस्तान्तरण हुनुपर्नेमा खप्ने जिन्सी समानको खातामा सो व्यहोरा नदेखिएको र अचल सम्पत्ति हस्तान्तरण भै यस गाउपालिकाको नाममा आउनुपर्नेमा आएको देखिएन । यस तर्फ शिवनाथ गाउँपालिकाले ध्यान दिई उक्त सामानको संरक्षण र अभिलेख अध्यावधिक हुने व्यवस्था अबिलम्ब मिलाउनुपर्ने देखिन्छ । **ग)** आर्थिक कार्यविधि नियमावली बमोजिम म.ल.प.फा.नं. ४९ भरी जिन्सी निरीक्षण गर्नुपर्ने म.ले.प.फा. नं. ५७ बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा		

Scanned by CamScanner

	साविकका गाउँ विकास समिति तर्फको सम्पति विवरण समावेश छैन । तसर्थ एकिकृत जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नु पर्दछ ।		
४०.	**आर्थिक विवरण :** अन्य विविध आय तर्फ एकिकृत आर्थिक विवरणमा रु.१०१६६२१।३९ देखाईएको छ । उक्त रकम मध्ये रु.४२००२१।३९ विभिन्न वडावाट गत वर्षको बाँकी रकम फिर्ता भएको, रु.३००८००। सामाजिक सुरक्षावाट पेश्की फर्छ्यौट गर्दा वचेको रकम रु.९६०००। भुल वस २ पटक चेक काटेकोले असुल गरी संचित कोष खातामा जम्मा हुन पुगेको रकम र रु.८२,००० पेश्की फिर्ता गर्दा आम्दानी जनाएको र रु.२८४१५ आन्तरिक आम्दानी तर्फ आम्दानी जनाउन छुटाएको गरी जम्मा रु.९,२७,२३६।३९ हुनुपर्नेमा रु. १०१६६२१।३९ देखिएकोले वढी रु.८९,३८५। स्रोत वेगर आम्दानी देखाई एकिकृत आर्थिक विवरण तयार गरेकोले सो रकम यकिन गर्नुपर्ने देखिएको रु.	८९,३८५.००	
४१.	**गाडी भाडा :** कार्यालयले विभिन्न पदाधिकारीहरु तथा कर्मचारीहरुको लागी गाउँपालिका देखि विभिन्न ठाउँमा तथा गाउँपालिका भित्रै आवतजावतको लागी विभिन्न गाडीधनीहरुसँग सम्झौता गरी विभिन्न दरमा रकम भुक्तानी गर्ने गरेको पाइयो । यस वर्ष कार्यालयले कन्टिन्जेन्सीवाट रु.६,१८,०८०। अन्य भाडावाट रु.५,००,०००। गरी जम्मा रु.११,१८,०८०। भाडा खर्च लेखेको छ । आवश्यकता र औचित्यको आधारमा एकमुष्ठ प्रतिस्पर्धाको विधिद्वारा भाडादर कायम गरी भाडामा लिन सकिने भएतापनि पटके रुपमा गाडीवालासँग सम्झौता गरी खर्च लेखिनु उचित देखिएन । कुनै मापदण्ड वेगर भाडा भुक्तानी गरेको, वित्तीय समानिकरण वाट प्राप्त रकम भाडा भनि भुक्तानी गरेको, सुविधा उपलव्ध गराउने यकिन आधार वेगर खर्च गरेको रकम नियमित हुनुपर्ने रु.	११,१८,०८०.००	
४२.	**बार्षिक लक्ष्य तथा प्रगति :** यो वर्ष पुँजिगत खर्च तर्फ रु.३६८ योजना रहेकोमा १० योजनामा शुन्य प्रतिशत, ५ योजनामा ५० प्रतिशत भन्दा कम प्रगति भएको विवरण पेश भएतापनि कार्यालयले तोकिएको ढांचामा लक्ष्य तथा प्रगति विवरण तयार गरेको छैन । राष्ट्रिय योजना आयोगले तोकेको ढांचामा लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ ।		
४३.	जिल्ला समन्वय समितिको अधुरा योजना स्थानीय तहमा हस्तान्तरण गरेका विवरण अनुसार कुनै पनि योजना हस्तान्तरण भई आएको देखिएन ।		
	गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फ :		
४४.	**बढी भुक्तानी : ७, २०७५।३।६** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) तथा तथा ११३(३) मा खर्च गर्दा रीत पुगेको वा नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ । लेखा तालिम, अभिमूखिकरण तालिम तथा नेतृत्व विकास तालिम वापत सामाजिक परिचालक श्री राज वहादुर चन्दले पेश्की फछ्र्यौट गर्दा तेरिजमा प्रशिक्षक भत्ता दोहोरा पर्न गई जोड जम्मा गर्दा रु.९५,४००।० मात्र हुन पर्नेमा रु.१,००,०००।० भुक्तानी हुन गएकोले वढी भुक्तानी रु.४,६००।० असुल गर्नुपर्नेरु.	४,६००।०	
	ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तर्फ :		
४५.	**१९, २०७५।३।६ बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) तथा तथा ११३(३) मा खर्च गर्दा रीत पुगेको वा नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ । सहकारी संस्था व्यवस्थापन तालिममा २६ सहभागी तथा २ संयोजकलाई आते जाते भाडा रु.१,००० को दरले भुक्तानी दिनुपर्नेमा रु.१,२००।० दिइएकोले वढी भुक्तानी भएको रु.५,६००।० असुल गर्नुपर्ने रु.	५,६००.०	
४६.	**पेश्की बाँकी :** कार्यक्रममा सामाजिक तथा प्राविधिक सहयोग गर्ने संस्था सामाजिक विकास तथा सचेतना समाजलाई तेस्रो र चौथो किस्ता वापत		

Scanned by CamScanner

	दिइएको पेश्की रु.९,४५,०००।० आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा भएको नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.	९,४५,०००.०	
४७.	११, २०७५।३।२५ जुकेपानी बागजेवला खानेपानी तथा सरसफाई योजनालाई प्रथम रनिङ बील भुक्तानी वापत रु.३१,१६,०००।० दिइएकोमा मुख्य पाइपलाइन खन्ने र पुर्ने कार्यको जम्मा मूल्याङ्कन रु.१८,४०,७८१।२५ भएकोमा सो को विस्तृत परिमाण गणना (detail quantity measurement) समावेश नभएकोले सो मूल्याङ्कनको आधार खुल्ने प्रमाण पेश गर्नुपर्ने रु.	१८,४०,७८१.२५	
	ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम तर्फ :		
४८.	**उपभोक्ता समिति संग सम्झौता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) मा उपभोक्ता समिति सँग सम्झौता गर्नुपर्ने र सो सम्झौतामा निर्माण कार्यको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यर्होने वा व्यहोर्नु पर्ने रकम, कार्य सम्पन्न गर्नु पर्ने अवधि जस्ता विषय उल्लेख गर्नुपर्ने प्रावधान छ । लेखापरीक्षणको क्रममा निम्न उल्लेखित योजनाहरुको सम्झौता पेश नभएकोले सो योजनाहरुमा भुक्तानी भएको रु.१८,३१,८०२।० सम्बन्धी यकिन गर्न सकिएन । सम्झौताहरु पेश गर्नुपर्दछ ।	१८,३१,८०२।००	

सि.नं.	भौ.नं., मिति	योजनाको नाम	गाउँपालिकाले भुक्तानी गरेको रकम
१	७-२०७५।२।२२	भूमिरोडा बासागडा सिंचाई पोखरी योजना	७७९८१४.०
२	८-२०७५।३।२२	बकुन्ना सिंचाई पोखरी	७३३१८०.०
३	९-२०७५।३।२५	बासधारा सिंचाई पोखरी योजना	३१८८०८.०
		जम्मा	**१८,३१,८०२.०**

	स्वास्थ्य तर्फ :		
४९.	**औषधि खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित स्पेसिफिकेशन र गुणस्तरको बमोजिम भए नभएको निरीक्षण गर्नुपर्ने र ११५ (६) मा निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । यस वर्ष रु.२,३४,०८३।० को औषधि खरिद भएकोमा यस नियम बमोजिम निरीक्षण गरी प्रतिवेदन तयार भएको पाइएन । नियमानुसार मालसामानको निरीक्षण गर्नुपर्दछ ।		
५०.	**औषधि हस्तान्तरण :** निम्न २ औषधि उपकरणको जिन्सी खाता परीक्षण गर्दा ३ स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेको फाराममा उल्लेख भएको भन्दा जिन्सी खातामा बढी परिमाण घटाइएको रु.३,९८६।० असुल हुनुपर्ने रु.	३,९८६।०	

सि.नं.	औषधि उपकरण	जिन्सी खातामा घटाइएको परिमाण	हस्तान्तरण फारामहरुको परिमाण	फरक	इकाइ रकम	जम्मा रकम
१	सालबुटामोल	६५००	५०००	१५००	१	१५००
२	सर्जिकल ग्लोभ	३००	२५०	५०	४९.७२	२४८६
						३,९८६

५१.	१८, २०७५।३।२० स्वास्थ्य संयोजक श्री जगदीश भट्टको पेश्की फछ्र्यौट गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :		

Scanned by CamScanner

५१.१.	**शीर्षक फरक** : यस उपशीर्षकमा बैठक भत्ता वापत रु.६०,०००।० विनियोजन भएकोमा विभिन्न मितिमा बैठक बसेको यातायात खर्च भनि रु.३२,५००।० सहभागीलाई भुक्तानी गरेको पाइयो । यस शीर्षकमा यातायात खर्च शीर्षकमा बजेट नभएकोले सो रकमको १५ प्रतिशतले हुन आउने रु.४,८७५।० असुल गर्नुपर्ने रु.	४,८७५।०	
५१.२.	**औषधि ढुवानी** : यस उपशीर्षकमा औषधि ढुवानीको लागी बजेट विनियोजित नभएको अवस्थामा रु.११,०००।० ढुवानी खर्च लेखेको नियमित नदेखिएको रु.	११,०००।०	
	वित्तीय समानीकरण (चालु तर्फ) :		
५२.	**सवारी साधन खर्च :** कार्यालयले विभिन्न मितिमा पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च बापत रकम भुक्तानी दिदा भ्रमण गर्नेहरुले सम्बन्धित सवारी साधनको टिकट बिना दाबि गरे अनुरुप सवारी साधन बापतको रकम भुक्तानी दिने गरेको पाइयो । टिकट संलग्न नगरेको अवस्थामा सम्बन्धित बस व्यवसायी समिति वा कम्पनीको दररेट लिई सो अनुसार भुक्तानी गर्नुपर्ने वा टिकट अनिवार्य संलग्न गर्नुपर्नेमा नगरेको पाइयो । भ्रमण खर्चको यथार्थताको लागी उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ ।		
५३.	**अनुगमन खर्च सम्वन्धमा:** कार्यालयले विभिन्न मितिमा विभिन्न कार्यक्रममा अनुगमन तथा मूल्याकंन गरेको तथा कार्यक्रमको लागि भ्रमण गरेको भनी यो बर्ष कुल रु २०,७९,९९३.०० खर्च गरेको छ । कार्यालयले भ्रमणको अभिलेख तयार गरेको छैन । भ्रमण अभिलेख नहुदा कुन कर्मचारी तथा पदाधिकारीले के प्रयोजनको लागि कति समय अनुगमन तथा भ्रमण गरे भनी बिश्लेषण गर्न सकिएन । अनुगमन तथा भ्रमण गर्दा भ्रमणको उद्धेश्य तथा प्रयोजन प्रस्ट खुलाउने गरेको छैन । दैनिक भ्रमण भत्ता बापत खर्च लेखिएकोमा कार्यक्रम भ्रमण पश्चात प्रतिवेदन तयार गरी कार्यालयमा पेश नगरिएको कारणले सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुले सम्बन्धीत कार्यक्रमको प्रयोजनको लागि नै भ्रमण गरेको हो वा होइन भनी यकीन गर्न सकिएन । यसरी खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।		
५४.	**खरिद व्यवस्थापन**		
५४.१	**खरिद योजना :** सार्वजनिक खरिद ऐन २०६३ मा बार्षिक रु १० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । तर कार्यालयले सो बमोजिम खरिद योजना बनाएको छैन । एकै प्रकृतिका सामानको खपत समेत उल्लेख्य परिमाणमा भएकोमा कार्यालयले सामानको प्रकृति अनुसार प्याकेजिङ गरी रकमको परिमाण अनुसार खरिद विधि छनौट गरेको छैन । कार्यालयले कार्यालय सञ्चालन सम्बन्धी कार्यालय समानहरुको खरिदमा यो बर्ष रु.२८,९३,३६२।१२ खर्च गरेको छ । एकै प्रकृतिका समानहरुको खरिदमा एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्धारा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्न सकिने भएतापनि कार्यालयले विभिन्न मितिमा सोझै टुक्रे खरिद गरेको र वडा कार्यालयहरुलाई पेश्की दिई पेश्की मार्फत कार्यालय समानहरु खरिद भएको पाइयो । तसर्थ कार्यालयले खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गरी खरिद योजना मार्फत स्पष्ट खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ ।		
५४.२	**सोझै खरिद :** सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था छ । तर कार्यालयले कार्यालय सामान, औषधी लगायतका मालसामान सोझै खरिद गर्दा उक्त नियममा भएको व्यवस्थाको परिपालना गरेको पाइएन । सार्वजनिक खरिद नियमावलीले तोके बमोजिम मालसामानको स्पेसिफिकिसेन बमोजिम लागत अनुमान तयार गर्ने, दररेट माग गर्दा लिखित रुपमा कम्तिमा तीनवटा आपूर्तिकर्ताबाट माग गर्ने, न्यूनतम कबोल गर्ने आपूर्तिकर्ताबाट खरिद गर्ने र सामानको प्राप्तीपछी स्पेसिफिकेसन बमोजिम आए नआएको यकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन । उल्लेखित कमजोरीमा सुधार हुनुपर्दछ । त्यस्ता खरिदका केही उदाहरण निम्न छन् :		

सि.नं.	गो.भौ.नं र मिति	फर्मको नाम	भुक्तानी रकम
१	१०१, ०७५/२/२९	आदर्श स्टेशनरी एण्ड सप्लायर्स	१,६१,३६४.००
२	१०२, ०७५/२/२२	तेजेन्द्र कुशुम सप्लायर्स	२,७३,४००.५०
३	१०३, ०७५/२/२२	स्मार्ट कम्युनिकेसन एण्ड स्टेशनरी	२,२९,३५६.००

Scanned by CamScanner

४	१४२, ०७५/३/२०	स्मार्ट कम्युनिकेशन एण्ड स्टेशनरी	१,९१,०२६.००
५	१६७, ०७५/३/२०	पुष्पाञ्जली ट्रेडर्स एण्ड सप्लायर्स	३,१४,७५०.००

५५. **बैठक भत्ता :** कार्यालयले वडाहरुको बैठक भत्ता बापत पेश्की रकम दिने र भर्पाईहरु प्राप्त भएपछि फछ्र्यौट गर्ने गरेकोमा केही वडाहरुको भर्पाई परीक्षण गर्दा वडा समितिका ५ जना र एक वडा सचिव समेत ६ जनालाई मात्र बैठक भत्ता दिनुपर्नेमा अन्य कर्मचारीलाई पनि संलग्न गरी बैठक भत्ता दिने गरेको पाइयो । सम्बन्धित बाहेकका व्यक्तिहरुलाई संलग्न गरी बैठक भत्ता दिने कार्यलाई उचित मान्न सकिएन । तसर्थ खर्च रकम नियमित गर्ने रु ९९,०००.००

वडा नं.	भौचर नं. र मिति	बैठकमा बढी संलग्न व्यक्ति संख्या	बढी संलग्न भएको कारण भुक्तानी भएको रकम
३	२०, ०७४/७/१७	१	३०००.००
१	२१, ०७४/७/१७	४	१८०००.००
४	३४, ०७४/११/१६	१	३०००.००
५	४८,०७४/१२/१८	१	७०००.००
६	४८,०७४/१२/१८	१	९०००.००
२	१४८, ०७५/३/२०	१	१२०००.००
२	१४८, ०७५/३/२०	१	१५०००.००
३	१५२, ०७५/३/२०	१	१५०००.००
४	१५२, ०७५/३/२०	१	१५०००.००
१	१६५, ०७५/३/२०	१	२०००.००
		जम्मा	९९०००.००

५६. **करार कर्मचारी : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :**

(क) कार्यालयले ४ अनमी र ल्याब असिस्टेन्ट सहित ५ जना कर्मचारीहरुलाई मासिक १२००० का दरले पारिश्रमिक दिदै आएकोमा नयाँ छनौट गरिएका २ अनमी र १ ल्याब असिस्टेन्ट क्रमश : मिना नाथ तारा भण्डारी र सरस्वती रावलको भर्ना प्रक्रिया, छनौट तथा सिफारिस सम्वन्धी कागजात लेखापरीक्षणको लागी उपलब्ध हुन सकेन । त्यस्तै पुराना भनीएका दुई अनमीहरु राधा चन्द र शान्ती कठायतको करार सम्झौता वा नविकरण सम्बन्धी कागजात पेश भएन । तसर्थ नयाँ करारमा भर्ना गरेको कर्मचारीहरुको भर्ना प्रक्रिया को विश्लेषण गर्न सकिएन भने पुराना करार कर्मचारीहरुलाई भुक्तानी गरेको तलब भत्ता सही र यथार्थ थियो भनी विष्लेषण गर्न सकिएन ।

(ख)कार्यालयले गो.भौ.नं. ५४ मिति २०७४।१२।२२ बाट विभिन्न स्वास्थ्य चौकीमा कार्यरत ६ जना कार्यालय सहयोगी तथा स्वीपरलाई मासिक रु १२,०००।०० का दरले तलब दिएको पाइयो । उक्त कर्मचारीहरुको छनौट प्रक्रिया देखि करार सम्झौता सम्मको कागजात लेखापरीक्षणको लागी उपलब्ध भएन । तसर्थ उक्त कर्मचारीहरुलाई भुक्तानी गरेको तलव भत्ता सही र यथार्थ थियो भनी विष्लेषण गर्न सकिएन ।

(ग) कार्यालयले गो.भौ.नं. १२९ मिति २०७५।३।१८ मा बछला वर्थिङ्ग सेन्टरमा करारमा कार्यरत अ.हे.व. मोहनदत्त कलौनी लाई मिति २०७४।११।१५ मा सम्झौता गरी मासिक रु १२०००।०० र सब इन्जिनियर अमृत महतालाई मासिक रु २३५०० का दरले रकम भुक्तानी गरेकोमा निजहरुको करार नियुक्ती प्रक्रिया सम्बन्धी कागजातहरु लेखापरीक्षणको लागी पेश नभएकोले नियुक्ती प्रक्रिया सही थियो भनी विश्लेषण गर्न सकिएन । स्वतन्त्र प्रतिस्पर्धा मार्फत मात्र नियुक्ति गर्नु पर्दछ ।

५७. **नर्म्स को प्रयोग :** कार्यालयले उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको भनीगो.भौ.नं. ६७, मिति ०७५।१।२३ बाट विर सिंह महतालाई रु ३,८८,६८५।०० भुक्तानी गरेकोमा व्यहोरा निम्नानुसार देखियो :

(क) लेखा व्यवस्थापन र प्रतिवेदन भनी रु ९०००।०० खर्च लेखेकोमा अग्रिम कर बापत रु १३५०.०० कट्टि गरेको पाइएन । उक्त रकम

Scanned by CamScanner

सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

(ख) १६ जना प्रशिक्षकलाई २४ वटा कक्षाको लागी प्रति कक्षा रु १५००।०० का दरले रु ३६०००.०० भुक्तानी गरेको छ । अर्थमन्त्रालयको खर्च सम्वन्धी मापदण्ड अनुसार प्रति कक्षा रु ७०० र कार्यपत्र संलग्न गरेको अवस्थामा रु ८०० गरी प्रति कक्षा रु १५०० दिन सकिने व्यवस्था भएतापनि प्रशिक्षकहरुले कार्यपत्र संलग्न गरेको प्रमाण लेखपरीक्षणको क्रममा प्राप्त भएन । तसर्थ २४ वटा कक्षामा रु ८०० का दरले वढी भुक्तानी भएको रु १९२००.०० कर रकम मिलाउदा रु १६,३२०।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

(ग) स्थानीय चिया पसलबाट चिया खाजा खुवाएको भनी सादा कागजमा भर्पाई गरी विभिन्न मितिका ५ वटा भर्पाई संलग्न गरी १,२४,५३०.०० भुक्तानी गरेको पाइयो । गाउँपालिकाले स्थानीय पसलहरु सम्बन्धित निकायमा दर्ता गर्ने गराउने तथा बिल बिजकको प्रयोग लाई अनिवार्य गर्नुपर्दछ ।

१३५०.०

१६३२०.०

५८. **बोर्डिङ्ग पास :** कार्यालयले गो.भौ.नं. ७३ मिति २०७५।१।२७ मा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले भ्रमण गर्ने क्रममा हवाइ यातायात प्रयोग गरेको भनी भ्रमण खर्च भुक्तानी गरेकोमा निम्न मितिको हवाई टिकट वा बोर्डिङ्ग पास संलग्न गरेको पाइएन । तसर्थ निम्नानुसारको मितिको टिकट र बोर्डिङ्ग पास पेस गर्ने अन्यथा रु ६६,६५०.०० सम्बन्धितबाट असुल गर्ने रु

सि.नं.	भ्रमण गर्ने व्यक्ति	मिति	स्थान	भुक्तानी रकम	कैफियत
१	गाउँपालिका अध्यक्ष	२०७४।१२।१५	धनगढी - काठमाडौं	१३५००.००	बोर्डिङ्ग पास नभएको
२	गाउँपालिका अध्यक्ष	२०७४।१२।२०	काठमाडौं - धनगढी	१३५००.००	टिकट र बोर्डिङ्ग पास दुवै नभएको
३	गाउँपालिका उपाध्यक्ष	२०७४।१२।१७	धनगढी - काठमाडौं	१३५००.००	बोर्डिगं पास नभएको
४	गाउँपालिका उपाध्यक्ष	२०७४।१२।२१	काठमाडौं - धनगढी	१३५००.००	टिकट र बोर्डिङ्ग पास दुवै नभएको
५	गाउँपालिका उपाध्यक्ष	२०७५।१।११	काठमाडौं - धनगढी	१२६५०.००	टिकट र बोर्डिङ्ग पास दुवै नभएको
जम्मा				**६६,६५०.००**	

६६,६५०.००

